DOI: https://doi.org/10.3126/shantij.v3i1-2.60929

**SHANTI JOURNAL**: A Multidisciplinary Peer Reviewed Journal
**Print ISSN:** 2961 * 1601 E-ISSN: 2961-161x
**ejournal Site:** www.nepjol.info/index.php/shantij
• Peer-Reviewed, Open access Journal
• Indexed in Nepjol

**BISHWA SHANTI**
CHIRAN-MILAN CAMPUS
URL:
www.bishwashanticampus.edu.np

# सीता–हरण खण्डकाव्यमा ईश्वर

नेत्रप्रसाद न्यौपाने
उप-प्राध्यापक
विश्वशान्ति चिरन मिलन क्याम्पस

**Artical History:** Submitted 15 September **Reviewed** 28 Sepember **Revised** 3 October

**Corresponding Author:** Netra Prasad Neupane **E-mail:** netraneupane1971@gmail.com

Copyright ©2023 Author(s) This open access article is distributed under a Creative Commons Attribution-NonCommercial 4.0 International (CC BY-NC 4.0) License.

## लेखसार

वाल्मीकि रामायणको विषयवस्तुलाई उपजीव्य बनाएर लेखिएको लक्ष्मीप्रसाद देवकोटाको 'सीता–हरण खण्डकाव्यमा ईश्वर' नामक प्रस्तुत लेखमा 'सीता-हरण' खण्डकाव्यअन्तर्गत ईश्वरीय स्वरूपका विषयमा विवेचना गरिएको छ । विवेच्य खण्डकाव्यमा केन्द्रित रहेर अध्ययन, अनुसन्धान भए पनि ईश्वरसम्बन्धी अध्ययन गरेको नपाइएपछि प्रस्तुत खण्डकाव्यभित्र ईश्वरको खोजी गर्ने उद्देश्यका साथ यो लेख तयार पारिएको छ । देवकोटाको 'सीता-हरण' खण्डकाव्यलाई प्राथमिक स्रोतका रूपमा लिइएको छ भने पुस्तकालयीय कार्यबाट ईश्वरसँग सम्बन्धित पूर्वीय वेद,उपनिषद्, पुराण, समालोचनात्मक ग्रन्थ, इन्टरनेटका विषयसम्बद्ध सामग्री आदिलाई द्वितीयक स्रोतका रूपमा लिइएको छ । स्थापित पूर्वीय ईश्वरसँग सम्बन्धित सैद्धान्तिक मान्यतालाई केन्द्रबिन्दुमा राखेर गुणात्मक अनुसन्धान ढाँचामा आधारित भई 'सीता–हरण' खण्डकाव्यमा ईश्वरको खोजी गरिनु यस लेखको मुख्य उद्देश्य हो । देवकोटाको उक्त कृतिमाथि ईश्वरीय विषयको खोजी हुन नसक्नु नै मूल समस्या रहेकाले सोही समस्याको समाधानमा यो लेख केन्द्रित छ । लेखलाई व्यवस्थित र पाठपरक विश्लेषण विधि अवलम्बन गरिएको छ । 'सीता-हरण' खण्डकाव्यमा देखिएका ईश्वरका विविध स्वरूपको विवेचनाबाट प्राप्त निष्कर्ष यस लेखको नवीनतम ज्ञान प्राप्ति हो । ईश्वरलाई मोक्षदाता, जगत्का स्वामी, मानवीय रूप धारण गरी विविध लीला गर्ने, करुणाकर, प्रकाशवान्, अमृतमय, रहस्यवादी आदि विविध स्वरूपमा प्रस्तुत गरिएकाले विवेच्य कृतिपूर्वीय दार्शनिक पक्षको ईश्वरीय चिन्तनमा आधारित आस्तिक भावनाले ओतप्रोत भएको वैदिक ज्ञानामृतले परिपूर्ण रहेको तथ्य प्रस्तुत लेखको सारांश हो ।

*शब्दकुञ्जी :* ईश्वर, प्रकाशवान्, मोक्ष, रहस्यावाद लीला

## विषयपरिचय

लक्ष्मीप्रसाद देवकोटा (१९६६–२०१६) को 'सीता–हरण खण्डकाव्यमा ईश्वर' प्रस्तुत शोधलेखको मुख्य विषय हो । आधुनिक नेपाली खण्डकाव्यकार देवकोटाका खण्डकाव्यहरूमध्ये 'सीता-हरण खण्डकाव्यमा ईश्वर' शीर्षकमा केन्द्रित रहेर यो अनुसन्धान गरिएको हो । देवकोटाको व्यक्तित्व कविता, खण्डकाव्य, महाकाव्य, निबन्ध, कथा, उपन्यास, विचार, चिन्तन आदि विधामा विभक्त छ । देवकोटाको खण्डकाव्य यात्रा १९९२ मा 'मुनामदन' प्रकाशित भएपछि प्रारम्भ भएको मानिन्छ । वि. स. १९९२ बाट प्रारम्भ भएको देवकोटाको काव्ययात्रा लगभग अठार वर्षसम्म रह्यो । काव्ययात्राको यस अवधिमा देवकोटाका मुनामदन, राजकुमार प्रभाकर, लुनी, कञ्जिनी, दुष्यन्त शकुन्तला भेट, सीताहरण, म्हेन्दु, रावण जटायु युद्ध, वसन्ती, एक र दुई, मायाविनी सर्सी, नवरस, सृजामाता, आनन्द शतक, मैना, वैराग्य लहरी, झञ्झा वर्णन, नेपाली मेघदूत, कटक, नयाँ सत्यकली संवाद जस्ता खण्डकाव्यहहरू प्रकाशित छन् । माथि उल्लिखित खण्डकाव्यमध्ये सीता-हरण खण्डकाव्यलाई छनोट गरी त्यस कृतिभित्र ईश्वरीय यस अनुसन्धानमूलक लेखमा

पूर्वीय दर्शनले व्याख्या गरेका विभिन्न विषयहरूमध्ये ईश्वरसँग सम्बन्धित विषय महत्वपूर्ण मानिन्छ । पूर्वीय दर्शन मूलतः षड्दर्शनमा आधारित छ । षड्दर्शनमा साङ्ख्यदर्शन, यो गदर्शन, न्यायदर्शन, वैशेषिक दर्शन, मीमांसादर्शन र वेदान्तदर्शन पर्दछन् । पूर्वीय दर्शनले व्यापक विषयहरूमाथि विस्तृत चर्चा गरेको छ । ती अनन्त विषयहरूमध्ये यस लेखमा ईश्वरलाई केन्द्रबिन्दु बनाएर सम्बन्धित विषयमा मात्र केन्द्रित गरी 'सीता-हरण' खण्डकाव्यको विवेचना गरिएको छ ।

साङ्ख्यदर्शनले ईश्वरको अस्तित्वलाई स्वीकार गर्दैन । साङ्ख्यदर्शनले स्विकारेको जड प्रकृति र चेतन पुरुषबिच समन्वय गराउने वा दुवैलाई सम्पर्कमा ल्याउने तत्व नै योगदर्शनका अनुसार ईश्वर हो साथै सृष्टिका सन्दर्भमा ईश्वर सक्रिय हुन्छ तर ईश्वर स्वयं सृष्टिकर्ता होइन, न त ऊ संहारकर्ता हो, न त पालनकर्ता नै (तिमल्सिना, २०५५, पृ.४८) भनेर योगदर्शनले ईश्वरको परिचय दिएको छ । योगदर्शनले ईश्वरलाई केवल प्रेरककर्ता वा सृष्टिका सन्दर्भमा निमित्तकारण मात्र मान्दछ । न्यायदर्शनले पनि ईश्वरको सत्तालाई सहर्ष स्विकारेको छ । योगदर्शनका तुलनामा न्यायदर्शन ईश्वरका सम्बन्धमा अझ बढी झुकाब राख्दछ । ईश्वर नै सृष्टिकर्ता, पालनकर्ता र संहारकर्ता हो (तिमल्सिना, २०५५, पृ. ५०) भन्ने स्पष्ट धारणा न्यायदर्शनमा उल्लेख छ । न्यायदर्शन झैँ वैशेषिक दर्शन पनि ईश्वरीय सत्ताका सन्दर्भमा पूर्ण विश्वस्त छ । यस दर्शनले परमाणुको अवधारणा स्विकारेको छ र त्यो परमाणु सक्रिय नभएर निस्क्रिय छ तर गुणयुक्त छ । त्यही गुणयुक्त निस्क्रिय परमाणुमा गति प्रदान गर्ने कार्य ईश्वरले गर्दछ र यही ईश्वरीय गतिका कारण जगत्को सृष्टि हुन्छ (तिमल्सिना, २०५५, पृ.५२) भन्ने मान्यताका आधारमा ईश्वर शक्तिशाली रहेको प्रमाणित हुन्छ । मीमांसादर्शनले ईश्वरको अस्तित्व स्विकारे पनि उसको स्थान अत्यन्त गौण रूपमा चर्चा गरेको छ । ईश्वरको स्थान वेदका मन्त्रहरूमा मात्र सुरक्षित रहेको र सृष्टिका सन्दर्भमा यसको कुनै भूमिका नरहेको (तिमल्सिना, २०५५, पृ. ५४) भन्ने तर्क मीमांसादर्शनमा उल्लेख गरिएको छ । ईश्वरको अस्तित्व स्विकारे पनि भूमिकाविहीन अवस्थामा रहेको ईश्वर कर्मकर्ताले दिएको बलिको उपभोग गर्ने भोक्ता मात्र हो भन्ने निष्कर्ष मीमांसादर्शनमा उल्लेख छ ।

षड्दर्शनमध्ये वेदान्तदर्शन ईश्वरका बारेमा स्पष्ट धारणा राख्ने दर्शन हो । वेदान्तले ब्रह्मलाई सर्वोपरि स्थान दिएको छ । ब्रह्म र मायाको संयुक्त रूपलाई नै ईश्वरको संज्ञा (तिमल्सिना, २०५५, पृ. ५७) दिँदै वेदान्तले ईश्वरसम्बन्धी स्पष्ट धारणा अघि सारेको छ । वेदान्तले ईश्वरलाई व्यावहारिक दृष्टिकोणबाट मात्र सत्य सावित गर्दछ । ईश्वर गुणयुक्त छ, ईश्वर उपासना गरिने विषय हो, ईश्वरमा मायाको प्रभाव रहेको हुन्छ, यो सक्रिय रहन्छ । ईश्वर सृष्टिकर्ता, पालनकर्ता र संहारकर्ता हो तथा जीवको कर्मअनुसार फल प्रदान गर्ने कर्मफलदाता हो (तिमल्सिना, २०५५, पृ. ५८) । यस अभिव्यक्तिले वेदान्त दर्शनले ईश्वरलाई शाक्तिशाली मानेको प्रमाणित हुन्छ । माथिका अभिव्यक्तिहरूबाट ईश्वरसम्बन्धी मान्यता स्पष्ट हुन्छ । साङ्ख्यदर्शनले ईश्वरीय सत्तालाई स्विकारेन भने मीमांसादर्शनले पनि ईश्वरलाई गौण, अस्तित्वविहीन अवस्थामा मात्र स्विकारेको छ । योगदर्शनले ईश्वरलाई समन्वय कर्ताका रूपमा मान्दछ भने न्यायदर्शन र

वैशेषिक दर्शन ईश्वरलाई सर्वाधिक शक्तिशाली मान्दछन् । वेदान्तदर्शन भने ईश्वर शक्तिशाली भए पनि ब्रह्म र मायाको छाया हो भन्ने पक्षमा छ । अधिकांश दर्शनको सार संसार लाई अनित्य मान्नु हो । सांसारिक जीवन समस्यायुक्त र दुःखपूर्ण रहेको तथ्य स्विकार्छ । सारा ब्रह्माण्ड, जीव, प्रकृति, प्राणीको जन्म, मृत्यु, जीवन भोगाइ वा व्यक्तिका कर्म आदि ईश्वरकै भोगाइ हुन् भन्ने निष्कर्ष पूर्वीय दर्शनको सार हो । यसरी साङ्ख्यबाहेक षड्दर्शनले स्विकारेका ईश्वरका विविध स्वरूपलाई आधार मानेर ईश्वरसम्बन्धी उल्लेख गरिएका अवधारणाभित्र केन्द्रित भई 'सीता-हरण' खण्डकाव्यमा ईश्वरको चर्चा गरिएको छ । काव्यभित्र ईश्वरलाई कुन रूपमा वर्णन गरिएको छ र ईश्वरको शक्तिलाई कसरी चिनाइएको छ भन्ने विषय नै यस लेखको विश्लेषणीय पक्ष हो ।

खण्डकाव्यकार देवकोटाको 'सीता–हरण' खण्डकाव्य पौराणिक कृति 'वाल्मीकि रामायण' को अरण्य काण्डलाई उपजीव्य बनाएर लेखिएको रचना हो । 'वाल्मीकि रामायण' भित्रका विविध घटनाहरूमध्ये अरण्य काण्डअन्तर्गत पनि मारिचले स्वर्णिम मृगको रूप धारण गरेपछि सीता अपहरणसम्मको घटनालाई समेटिएको छ । सुन्दर मृगलाई देखेपछि सीता आकर्षित हुन्छिन् र रामलाई मृगको सिकार गरेर ल्याउन आग्रह गर्छिन् । आफ्नी धर्मपत्नीको इच्छा पूरा गरिदिने उद्देश्यले राम मृगका पछि लाग्छन् तर त्यस घनघोर जङ्गलमा साँझसम्म पनि राम नफर्किएपछि सीता डराउँछिन् र लक्ष्मणलाई खोज्न पठाउँछिन् । लक्ष्मणले सुरुमा सीतालाई छोडेर जान नचाहँदा नचाहँदै सीताका तीष्ण वचनरूपी वाणका कारण बाध्य भएपछि लक्ष्मणरेखा कोरी सीतालाई त्यस घेराबाहिर ननिस्कन अनुरोध गर्दै दाजु रामचन्द्रको खोजीमा निस्कन्छन् । लक्ष्मण सीतालाई छोडेर रामचन्द्रको खोजीमा निस्किएको मौका छोपेर रावण योगीको रूप धारण गरी भिक्षा माग्न आइपुग्छ । लक्ष्मणरेखाभित्र प्रवेश गर्न नसकेपछि छद्मरूपी योगीले लक्ष्मणरेखाबाहिर आएर भिक्षा नदिएमा श्राप दिने धम्की दिन्छ । भिक्षा नदिएमा योगीले श्राप दिने डरले सीता लक्ष्मणरेखाबाहिर निस्किएर भए पनि भिक्षा दिने निर्णयमा पुग्छिन् र लक्ष्मणरेखा नाघेर भिक्षा दिन तयार हुन्छिन् । सीताले लक्ष्मणरेखा नाघेपछि छद्मधारी रावणले आफ्नो स्वरूप देखाएर सीतालाई अपहरण गरी विमानमा राखेर आकाशमार्गबाट पलायन हुन्छ ।

रामले मृगको रूप धारण गर्ने मारिचलाई वाण हानेर घाइते बनाएपछि मारिचले राम

ईश्वरका रूप हुन् भन्ने चिनेर रामको स्तुति गाउँदै मोक्षको कामना गर्दछ । मारिचले गरेको ईश्वरीय स्तुति नै यस खण्डकाव्यको मूल विषय हो । यस विषयलाई स्रष्टा देवकोटाले ईश्वरीय भक्तिभावका साथ प्रस्तुत गरेका छन् । सोही सन्दर्भमा लक्ष्मणले घनघोर जङ्गलमा मृगको पछि लागेका रामलाई भेट्छन् । लक्ष्मणलाई देखेपछि रामका मनमा चिसो पस्छ र लक्ष्मणलाई आउनुको कारण  सोध्छन् । लक्ष्मणले वास्तविकता सुनाएपछि दुवै जना हतासपूर्वक सीता बसे को कुटीमा आइपुग्छन् र सीतालाई बोलाउन थाल्छन् तर सीताको अपहरण भइसकेकाले उनी कुटीमा भेटिन्नन् । सीताको खोजीमा अँध्यारो जङ्गलभित्र अनेकौं बिलौना गर्दै सीतालाई बोलाउँदै भौंतारिन्छन् । सीतालाई कतै पनि नभेटेका रामलक्ष्मणको कारुणिक वियोगान्त अवस्थासँगै यस खण्डकाव्यको विषयवस्तु अन्त्य भएको छ । सीताको अपहरण जस्तो विषयलाई अत्यन्त कारुणिक र संवेदनशील बनाएर देवकोटाले यस खण्डकाव्यलाई मौलिकतातर्फ उन्मुख गराउने प्रयत्न गरेका छन् ।

## समस्याकथन

खण्डकाव्यकार लक्ष्मीप्रसाद देवकोटाको ‘सीता–हरण’ खण्डकाव्य विभिन्न स्थापित मान्यता, विभिन्न दृष्टिकोण र अवधारणाका आधारमा अध्ययन, अनुसन्धान गर्न सकिन्छ । पूर्वीय दर्शनका स्थापित मान्यताहरूमध्ये पनि काव्यमा सौन्दर्य प्रदान गर्ने वा ईश्वरसम्बन्धी मान्यताले देवकोटाको ‘सीता-हरण’ खण्डकाव्यमा केकस्तो स्थान प्राप्त गरेको छ भनेर अध्ययन गरिएको पाइँदैन । देवकोटाको प्रस्तुत काव्यमा पूर्वीय दार्शनिक दृष्टिकोणले वा कृतिभित्र ईश्वरीय चिन्तनको खोजी गरिने उद्देश्यले अध्ययन नगरिनु नै यस लेखको प्रमुख समस्या हो । यही समस्यालाई मुख्य विश्लेषणीय आधार बनाएर कृतिको अध्ययन गरिएको छ । ‘सीता-हरण’ खण्डकाव्यलाई विविध दृष्टिकोणबाट अध्ययन, अनुसन्धान भए पनि पूर्वीय दार्शनिक दृष्टिकोणको वेदान्तीय पक्षमा आधारित ईश्वर चिन्तनका विषयमा खोजी गरिएको पाइएन । ‘सीता-हरण’ खण्डकाव्यमा ईश्वर चिन्तनको खोजी नहुनु नै यस लेखको शोध समस्या हो । यही शोध अन्तराललाई परिपूर्ति गर्ने उद्देश्यले प्रस्तुत खण्डकाव्यमा ईश्वरीय चिन्तनको खोजी गरिएको छ । यस समस्यालाई शोधप्रश्नका माध्यमबाट प्रस्तुत गर्न सकिन्छ ।

(क) ‘सीता–हरण’ खण्डकाव्यमा ईश्वरलाई कुन रूपमा, कसरी र किन प्रस्तुत गरिएको छ ?

## उद्देश्य

लक्ष्मीप्रसाद देवकोटाको ‘सीता–हरण’ खण्डकाव्यमा ईश्वरीय स्वरूपको खोजी गर्नु र समस्या कथनमा उठाइएको प्राज्ञिक जिज्ञासाको समाधान खोज्नु नै प्रस्तुत अध्ययनको मूल उद्देश्य हो । प्रस्तुत अध्ययनको उद्देश्यलाई निम्न लिखित बुँदामा उल्लेख गरिएको छ :

(क) ‘सीता–हरण’ खण्डकाव्यमा ईश्वरलाई कुन रूपमा, कसरी र किन प्रस्तुत गरिएको छ भनी खोजी गर्नु,

## अध्ययन विधि

‘सीता–हरण’ खण्डकाव्यमा ईश्वर’ शीर्षकको प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धान ढाँचामा आधारित छ । यस अनुसन्धानको प्राथमिक अध्ययन सामग्रीका रूपमा खण्डकाव्यकार लक्ष्मीप्रसाद देवकोटाको ‘सीता–हरण’ खण्डकाव्यलाई लिइएको छ भने द्वितीयक सामग्रीका रूपमा

विभिन्न पुस्तकालयबाट प्राप्त पूर्वीय दर्शनमा आधारित ईश्वरसँग सम्बन्धित लेखरचना, पुस्तक, अनुसन्धान प्रतिवेदन आदि सामग्रीको प्रयोग गरिएको छ । स्थापित पूर्वीय दार्शनिक सिद्धान्त साङ्ख्यदर्शन, योगदर्शन, न्यायदर्शन, वैशेषिक दर्शन, मीमांसादर्शन र वेदान्तदर्शनमा उल्लेख भएबमोजिम ईश्वरसम्बन्धी आधारभूत मान्यताहरूलाई केन्द्रबिन्दुमा राखेर ईश्वरसम्बन्धी सैद्धान्तिक मान्यताका आधारमा पाठपरक अध्ययन विधिका माध्यमबाट 'सीता–हरण' खण्डकाव्यको विश्लेषण गरिएको छ ।

## ईश्वरसम्बन्धी सैद्धान्तिक विमर्श

ईश्वर के हो र ईश्वरको स्वरूप तथा ईश्वरका कार्यका विषयमा निकै ठुलो बहस चलेको छ । दार्शनिकहरूमा पनि ईश्वर छ वा छैन भन्ने कुरामा एक रूपता पाइँदैन । पूर्वीय दर्शन (चार्वाक बाहेक) ले कुनै न कुनै रूपमा ईश्वरको सत्तालाई स्विकार्दछ । सबै पूर्वीय दर्शनले ईश्वरको सत्ता स्विकारे पनि ईश्वरीय भूमिकाका विषयमा मतहरू फरक फरक छन् । यस संसारको उत्पत्ति, स्थिति र प्रलयको प्रमुख कारण नै ईश्वर हो भन्ने दर्शनले ईश्वरलाई सर्वसत्ता सम्पन्न मान्दछ । कतिपय दर्शनले ईश्वरीय अस्तित्व रहे पनि प्रकृति नै सृष्टिको मूल कारण हो भन्ने तथ्यलाई स्विकार्दछ । ईश्वरको स्वरूप तथा ईश्वरीय भेदका विषयमा प्रायः दर्शनको मतमा भिन्नता देखिँदैन । वैदिक ग्रन्थहरूले ईश्वर एउटै रहेको तथ्य प्रमाणित गरेका छन् । ईश्वर निराकार, निर्विकार, निरञ्जन, सचिदानन्दका रूपमा परिचित छ । हिन्दु धर्ममा ईश्वरका बहुरूप सुन्न पाइन्छन् तर वैदिक ग्रन्थहरूले ईश्वरलाई एउटै रूपमा स्विकारेको छ । ईश्वरको एकात्मकताका विषयमा वैदिक चर्चा रहेको हुँदा ईश्वरको भेद नरहेको तथ्य स्पष्ट हुन्छ । ऋग्वेदमा उल्लेख गरिएअनुसार "एको विश्वस्य भवनस्य राजा ।" (ऋग्वेद ६.३६.४) सम्पूर्ण ब्रह्माण्डका राजा अथवा ईश्वर एउटै छन् । यस भनाइले ईश्वर एकमात्र छ र हामीले नाम लिएका अनेक ईश्वरका रूपहरू एउटै ईश्वरका पर्यायवाची वा समान अर्थ बुझाउने शब्दमात्र हुन् । अथर्ववेदले पनि ईश्वरको एक रूपलाई अझ प्रस्ट्याएको छ । त्यो ईश्वर न दुइटा छ, न तीनओटा अथवा चार, पाँच, छ, सात, आठ, नौ वा दश ईश्वरका रूप छैनन् । संसारका सम्पूर्ण प्राणी वा अप्राणी वर्गलाई ईश्वरले विविध रूपले हेर्ने गर्दछ । त्यही एउटा ईश्वरभित्र पृथ्वी आदि सम्पूर्ण देवताहरू विद्यमान छन् । यही विषयलाई अथर्ववेदमा यसरी उल्लेख गरिएको छ :

"न द्वितीय न तृतीयश्चतुर्थो नाप्युच्यते

न पञ्चमो न षष्ठ सप्तमो नाप्युच्यते ।

नाष्टमो न नवमो दशमो नाप्युच्यते

स सर्वस्मै विपश्यति यच्च प्रणाती यच्च न ।

नमिदं निगतं सह–स एष एकएकवृदेक एव

सर्वे अस्मिन देवा एकवृतो भवन्ति ।" (अथर्ववेद १३/४/१६-२१)

यी माथिका ऋचाहरूबाट ईश्वर एउटै छन् भन्ने कुरा पुष्टि हुन्छ । षड्दर्शनमा वेदान्तदर्शन पनि ईश्वरको एउटै स्वरूपलाई स्विकार्दछ । ब्रह्मसूत्रमा भनिएको छ : "एकं ब्रह्

मं द्वितीय नास्तेः नहे ना नास्ते किंचन ।" अथवा ईश्वर एउटै छन् दोस्रो वा अन्य कतै पनि ईश्वर छैनन् । यही विषयलाई अझ प्रमाणित गर्न ऋग्वेदको उदाहरण प्रस्तुत गरिएको छ : "न त्वावां अन्यो दिव्य न पार्थिवो न जातो न जानिष्यते । (ऋग्वेद ७-३२-२३) अथवा यस भूलोक वा पृथ्वीमा तिमी जस्तो अर्को न कोही छ, न थियो, न हुने नै छ । यस भनाइले ईश्वरसमान अर्को कोही पनि हुन नसक्ने कुरा प्रमाणित गर्दछ । हामीले मान्दै आएका ईश्वरका साकार रूप पनि ईश्वर होइनन् । ती

लोकले स्वीकार गरेका मूर्ति वा फोटाहरू जनविश्वासका मूर्त रूपमात्र हुन् । यही विषयलाई यजुर्वेदमा उल्लेख गरिएको छ : "न तस्य प्रतिमा अस्ति ।" (यजुर्वेद ३२ सुभाषित ५) प्रभुको कुनै प्रतिमा छैन । ईश्वर सबैमा व्याप्त छ । अथर्ववेदका अनुसार "यो भूतं च भन्यं च सर्व यश्चाधिष्ठातिष्ठति, स्वर्यस्य च केवलं तस्मै जेष्ठाय ब्रह्मणे नमः" (अथर्ववेद १०/८/१) अथवा जो भूत, भविष्यत सबैमा व्यापक छ, जुन दिव्य लोकको पनि अधिष्ठाता हो, उस ब्रह्म (परमेश्वर) लाई प्रणाम छ । यस भनाइले ईश्वरको व्यापकतामा कुनै सन्देश रहँदैन ।

यजुर्वेदले पनि ईश्वरलाई सर्वव्यापक र शक्तिशाली स्विकारेको छ । हे मनुष्य ! जो ब्रह्म सर्वशक्तिमान, स्थूल, सूक्ष्मका करण शरीररहित, छिद्ररहित, नारी रूपको सम्बन्ध बन्धनरहित, अविद्या आदि दोषरहित हुनाले सधैँ पवित्र, पापसँग प्रेम कहिल्यै नगर्ने, सर्वव्याप्त, सर्वज्ञ, सबै जीवको मनोवृत्ति जान्ने, पापी र दुष्टलाई तिरस्कार गर्ने, अनादि स्वरूप जसको संयोगले उत्पत्ति, वियोगबाट विनाश, आमाबुबाको गर्भमा बास नहुने र जन्म, वृद्धि, मरण नहुने ऊ परमात्मा सनातन अनादि स्वरूपबाट उत्पत्ति र विनाश नहुने त्यही परमेश्वर सबैको उपासना गर्न योग्य छ । "स पर्य गाच्छुक्रमकायमब्रणमस्नाविरगँशुद्धमपापविद्धम्

कविर्मनीषी परिभूः स्वयम्भूर्याथातथ्यतोर्थान् व्यदधाच्छाश्वतीभ्यः समाभ्यः" (यजुर्वेद ४०/८) ।

ब्राह्मण ग्रन्थहरूले पनि ईश्वरको सर्वसत्तावाद र एक रूपलाई स्विकारेका छन् । ईश्वरको रूप एउटै हुन्छ भन्ने तथ्यलाई पुष्टि गर्दै शतपथ ब्राह्मणमा पनि भनिएको छ : कसैले दोस्रोलाई ईश्वर सम्झेर पूजा गर्छ भने त्यो मनुष्य विद्वान्का बिचमा पशुसमान हुन्छ । "योन्यां देवतामुपास्ते न स वेद यथा पशुरेवं स देवानाम्" (शतपथ ब्राह्मण १४-४-२-२२) ।

ब्राह्मण ग्रन्थपछि वैदिक व्याख्याका क्रममा लेखिएका उपनिषद्मा पनि ईश्वरको स्वरूपलाई चिनाउँदै ईश्वर वा ब्रह्म सधैँ पूर्ण छ । यो जगत् पनि पूर्ण छ । पूर्ण ब्रह्म (ईश्वर) बाट नै यो पूर्ण जगत्को उत्पत्ति भएको हो । यही जगत्को पूर्णताका लागि प्रलय कालमा पनि पूर्ण ब्रह्म शेष रहन्छ र त्यो पूर्ण ब्रह्म ऊँ नामका रूपमा आकाश जस्तै व्यापक भएर रहन्छ । वृहदारण्यक उपनिषद्मा भनिएको छ : "ऊँ पूर्णमदः पूर्णमिदं पूर्णात्पूर्णमुदच्यते, पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते" (वृहदारण्यक उपनिषद् ५-१-१) ।

ईश्वरलाई अनादि मान्नुको तात्पर्य न ईश्वरका मातापिता छन्, न उसको कुनै शासक नै छ । उसको कुनै चिह्न पनि छैन । ऊ सबैको कारण हो र सबै जीवहरूको स्वामी हो । उसको उत्पत्ति कर्ता पनि छैन र स्वामी पनि छैन । "न तस्त कश्चितपतिरस्ति लोके न चेशिता नैव च तस्य लिङ्गम् स कारणं करणाधिपाधियो न चास्य कश्चिज्जनीता न चाधिपः" (श्वेतश्वेतरा उपनिषद् ६/९) । ईश्वर एउटै छ तर लोक वा समाज ईश्वरलाई धेरै नामले पुकार्दछन् (एकं सद्विप्राः बहुधा वदन्ति) ।

ईश्वर सहज रूपमा प्राप्त हुँदैन । ईश्वरलाई प्राप्त गर्न ईश्वरले नै स्वीकार गर्नुपर्दछ । मुण्डकोपनिषद्मा भनिएको छ : यो परब्रह्म परमात्मा न त प्रवचनले, न त बुद्धिले, न त धेरै सुन्नाले प्राप्त हुन्छ । जसलाई स्वीकार गर्छ त्यसद्वारा नै प्राप्त गर्न सक्छ किनकि त्यसका लागि मात्र उसले आफ्नो यथार्थ स्वरूप प्रकट गर्दछ । "नायमात्मा प्रवचनेन लभ्यो न मेधया न बहुधा श्रुतेन,यमेवैष वृणुते तेन लभ्यस्तस्यैष आत्मा विवृणुते तनुं स्वाम्" ( मुण्डकोपनिषद् ३/२/३) । 'श्रीमद्भगवद्गीता' मा श्री कृष्णले अर्जुनलाई उपदेश दिने क्रममा आफूलाई मानवले नचिनेर मनुष्यका रूपमा लिएका छन् भन्दै आफ्नो स्वरूपको वर्णन गरेका छन् । आफ्नो शक्तिले संसार लाई हल्लाउने म सर्वनाशी, सर्वश्रेष्ठ, सर्वशक्तिमान छु तर बुद्धिहीन मनुष्यहरू मलाई जन्म लिने मानवका रूपमा सम्झन्छन् । "अव्यक्तम् व्यक्तिमापन्नं मन्यन्ते मामबुद्धय, परं भावजानन्तो ममाव्ययमनुत्तमम्" (श्रीमद्भगवद्गीता ७/२४) ।

विशुद्ध सवगुणको प्रधानता रहेको, चैतन्ययुक्त विशेषलाई नै सर्वज्ञ, सर्वेश्वर, सर्वनियन्ता, अव्यक्त, अन्तर्यामी, जगत्कारण र ईश्वर हुन् भनी 'वेदान्तपरिभाषासार' मा उल्लेख गरिएको छ (भट्राई, २०६८, पृ. १६४) । जनक दर्शनले मायाशक्तिबाट प्रभावित हुने ब्रह्मलाई ईश्वर मानेको छ । जगत्को सृष्टिकर्ता नै ईश्वर हो र यो सर्वज्ञ, सर्वव्यापी, अन्तर्यामी हुन्छ (गिरी, २०५५, पृ. १३२) । ब्रह्म स्वयं ईश्वर नभएर ब्रह्ममा मायाशक्तिको प्रभाव रहेपछि मात्र ईश्वर को रूप धारण गर्दछ । मायाशक्तिले प्रभाव नपारेको ब्रह्म ईश्वर नभएर आदित्य स्वरूप हो । ब्रह्मभित्र नै ईश्वरीय तत्व रहन्छ तर त्यसमा मायाको घुलन हुनु जरुरी छ भन्ने वेदान्तहरूको सैद्धान्तिक मान्यता रहको छ । ईश्वर स्वयं प्रकाशमान हुन्छ, यसलाई दोस्रो वस्तुको प्रकाशको आवश्यकता पर्दैन । ईश्वर स्वयं ज्ञान हो । सुख पनि स्वयं ईश्वर हो र शान्ति पनि स्वयं ईश्वर नै हो । ईश्वरलाई आदि विद्वान् (भट्टराई, २०७४, भूमिका) पनि भनिएको छ ।

वेदान्तले ब्रह्मको चर्चा गर्ने क्रममा ब्रह्मलाई सगुण र निर्गुण गरी छुट्याएका छन् । सगुण ब्रह्म पनि सगुण साकार र सगुण निराकारका दृष्टिले दुई भेद रहेका छन् । लोकमा पूजा आराधना गरिएका राम, कृष्ण, विष्णु आदि ईश्वरका सगुण साकार स्वरूप हुन् । यही सगुण साकार स्वरूपको आधारलाई नै केन्द्रविन्दुमा राखेर 'सीता–हरण' खण्डकाव्यको अध्ययन गरिएको छ । मानव जीवन र जगत्सँग निकट सम्बन्ध राख्नु तथा शासकीय नियमको आभास गराउनु नै ईश्वरको लक्षण हो (ढकाल, २०७६, पृ. २१) । ईश्वर शब्दको पर्यायवाचीका रूपमा प्रभु, स्वामी, मालिक आदि प्रयोग गरिन्छन् । लौकिक रूपमा राजा, रक्षक, शक्तिशाली व्यक्तिलाई पनि प्रभु भन्ने चलन छ तर अलौकिक रूपमा प्रभु शब्द ईश्वरकै पर्यायवाची मानिन्छ (ढकाल, २०७६, पृ. २१) त्यसैले 'सीता–हरण' खण्डकाव्यभित्र प्रयोग भएको प्रभु शब्द पनि ईश्वरकै स्वरूप हो । पूर्वोक्त विशद चर्चा गरिएको सैद्धान्तिक विमर्शका आधारमा पूर्वीय दार्शनिक ग्रन्थहरूबाट प्राप्त ईश्वरसम्बन्धी धारणा, चिन्तन, विचारलाई नै आधार मानी 'सीता-हरण' खण्डकाव्यभित्र ईश्वरीय स्वरूपको खोजीमा प्रस्तुत लेख केन्द्रित छ ।

## 'सीता–हरण' खण्डकाव्यमा ईश्वर

लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित 'सीता–हरण' खण्डकाव्यमा ईश्वरका विविध स्वरूपको चर्चा गरिएको छ । पौराणिक आख्यानका ईश्वरीय विविध स्वरूपको चर्चा गर्ने सन्दर्भमा ईश्वर लाई प्रकाश, अमृत, रहस्य, मानव, लीलाधर, स्वामी, मोक्षदाता र अन्य विविध रूपमा चर्चा गरिएको पाइन्छ । ईश्वरसँग सम्बन्धित विविध स्वरूपका आधारमा नै यस कृतिको विवेचना गर्नु नै यस लेखको मुख्य विश्लेषणीय पक्ष हो ।

## प्रकाशका रूपमा ईश्वर

लक्ष्मीप्रसाद देवकोटाको 'सीता-हरण' खण्डकाव्य वाल्मीकिको रामायणलाई बीजभूमि बनाएर लेखिएको कृति हो । यसको आख्यान पूर्णतः वाल्मीकि रामायणमा आधारित छ तर लेखनको मौलिकता र वर्णन कौशलका कारण यो कृति उत्कृष्ट खण्डकाव्यका रूपमा स्थापित छ । यस लेखमा ईश्वरीय स्वरूपलाई मात्र विवेचना गरिने भएकाले अन्य सन्दर्भहरू समावेश गरिएको छैन । 'सीता-हरण' खण्डकाव्यको प्रथम पादअन्तर्गत राम र सीताको वनबासका सन्दर्भमा पञ्चवटी जङ्गलको वर्णन गरिएको छ । जङ्गलको सौन्दर्यलाई देवकोटाले प्रकाशमय वातावरणका रूपमा प्रस्तुत गरेका छन् । सोही सन्दर्भमा यहाँ हरियालीयुक्त पञ्चवटी निकुञ्जलाई ईश्वरको किरण फुटेर बनेको पुञ्जका रूपमा वर्णन गरिएको छ ।

कल्पनाको हरिता निकुञ्ज

ईश्वर किरण फुटेको पुञ्ज । (देवकोटा, २०६६ पृ.१)

त्यसै गरी राम बसेको पञ्चवटी रामको चमकले चमचम चम्केको छ । राम प्रकाश हुन् । रामको देदीप्यमान प्रकाश पञ्चवटी जङ्गलमा परेको छ र त्यही प्रकाशका कारण पञ्चवटी चमचम चम्केको छ भन्ने सन्दर्भलाई काव्यकार देवकोटाले यसरी प्रस्तुत गरेका छन् :

तब भन जननी विधुछवि वदनी

अमृत वाणी झङ्कृत पाणि

हिमसित वसना मृदुरस रसना

राम चमकले चमचम नानी

पञ्चवटीमा रामकुटीमा । (देवकोटा, २०६६ पृ.३)

रामको वाण लागेर मृगको रूप धारण गरेको मारिच जमिनमा ढलेपछि मारिचले राम ईश्वर हुन् भन्ने चिन्दछ र ऊ रामको गुनगान गाउन थाल्दछ । सोही सन्दर्भमा मारिचले ईश्वर रामलाई विश्वज्योतिका रूपमा वर्णन गरेको छ । राम रूप धारण गर्ने ईश्वरलाई चिन्न नसकेको र चिनेपछि पश्चाप्मा परेको सन्दर्भलाई निम्न पङ्क्तिले प्रस्तुत गरेको छ :

धन्य छ प्रभुको दिव्य मुहार

विश्वज्योतिको दर्शन सार (देवकोटा, २०६६ पृ.१७)

कविले रामलाई विश्वमा ज्योति फैलाउने ईश्वरको दिव्य स्वरूप स्विकारेका छन् । यसबाट ईश्वर प्रकाशवान् छ, ईश्वर प्रकाशको पुञ्ज हो, ज्योतिर्मय हुनु नै ईश्वरको स्वरूप हो भन्ने स्पष्ट हुन्छ ।

## अमृतका रूपमा ईश्वर

'सीता-हरण' खण्डकाव्यमा ईश्वरलाई अमृतका रूपमा वर्णन गरिएको छ । ईश्वरको भक्ति गर्नाले ईश्वर नै अमृत बनेर भक्तमा प्रवेश गर्न सक्छन् वा ईश्वररूपी अमृत पान गरेर भक्त आनन्द प्राप्त हुने सन्दर्भलाई यस खण्डकाव्यले स्विकारेको छ । खण्डकाव्यको प्रारम्भिक

चरणमा दुनियाँका आँखाबाट मोती झार्दै कानरूपी कचौरामा राम रसको मधुर अमृत भरेर दुनियाँ वा लोकलाई पिलाउने इच्छा देवकोटामा रहेको छ । यही ईश्वरीय विषयलाई स्रष्टाले अमृतका रूपमा स्विकारेका छन् ।

दुनियाँलाई आज पघालूँ

दुनियाँलाई आज रुलाऊँ

कान कचौरा भरभर अमृत

रामको रसको मधुर पिलाऊँ । (देवकोटा, २०६६ पृ.३)

मृगको रूप धारण गर्ने छली मारिचलाई रामले वाण हानेपछि आफ्नो असली रूपमा आएर मारिचले रामलाई चिनेको र त्यही अमृतरूपी रामको स्तुति गाउने सन्दर्भमा ईश्वरलाई अमृतका रूपमा वर्णन गरिएको छ ।

माया मृग भै विचरण गर्थें

विश्वको वनमा छल झैं दगुर्थें

भ्रमको रूप लिने

मृगतृष्णाको रूप चिने अब

अमृत राम चिने अब प्रभुजी !

अमृत राम चिने । (देवकोटा, २०६६ पृ.१५)

आफू भ्रममा परी मायारूपी मृग बनेर विश्वका वन वनमा विचरण गर्ने र आफूमा रहेको मृततृष्णा हटेपछि रामरूपी अमृतलाई चिनेको भन्ने मारिचको अभिव्यक्तिबाट ईश्वर अमृत हो भन्ने तथ्य पुष्टि हुन्छ ।

प्रभु वा ईश्वरको प्रहार पनि मारिचका लागि अमृत बनेको छ । यही प्रहारले जीवनका पापकर्मबाट छुटकारा पाउन सकिने विश्वास मारिचमा छ । त्यसैले रामको प्रहारलाई अमृतका रूपमा स्विकार्दै ईश्वरीय हरेक क्रियाकलाप नै सुधा वा अमृतका रूपमा प्रस्तुत भएका छन्। सोही सन्दर्भलाई देवकोटा यसरी प्रस्तुत गर्छन् :

सुधासमान छ राम प्रहार

दिव्य छ प्रभुको दर्शन सार

तृष्णा खारी छल पर सारी

प्रभुकन आज चिने । (देवकोटा, २०६६ पृ.१६)

माथिका अभिव्यक्तिहरूबाट ‘सीता-हरण’ खण्डकाव्यमा ईश्वरलाई अमृतका रूपमा प्रस्तुत गरिएको तथ्य स्पष्ट हुन्छ ।

## रहस्यका रूपमा ईश्वर

ईश्वर आफैँमा रहस्यमय छ । ईश्वरका विषयमा धेरै मानिसहरू अन्योलमा छन् । अन्योलता उनीहरूको बाध्यता हो किनकि प्रत्यक्ष ईश्वर अनुभव गर्न पाउने मानिसहरू भेटिँदैनन् । त्यसैले ईश्वर र ईश्वरले गरेका अनेक क्रियाकलाप पनि रहस्यमय बन्न सक्छन् । देवकोटाले 'सीता-हरण' मा ईश्वरलाई रहस्यका रूपमा वर्णन गरेका छन् । मृगको सिकार गर्न गएका राम साँझ

पर्दा वा सन्ध्याकालीन अरुन्धतीले बत्ती बालिसक्दा वा पश्चिमतर्फको बादलमा साँझपख चराहरूको लामबद्ध पङ्क्ति देखिँदासम्म राम नफर्किएपछि सीताले लक्ष्मणलाई दाजु खोज्न जानुहोस् भन्ने सन्दर्भमा प्रस्तुत अभिव्यक्ति यहाँ प्रयोग गरिएको छ, जसले रामको ताल वा तरिका रहस्यमय छ भन्ने सन्दर्भलाई सङ्केत गर्दछ ।

अरुन्धतीले बत्ती बालिन्

पश्चिम कोल्टे बादलमा

साँझ चराको माला गाँस्छिन्

फिरे शिकारी शवल पखेरु

रामको गजब छ ताल । (देवकोटा, २०६६ पृ.४)

राम नआएकै सन्दर्भमा सीताले रामको रहस्यमय प्रवृत्तिलाई सहज रूपमा प्रस्तुत गरेकी छन् । साँझपख लामो र गहिरो छायाँ परिसकेको छ । बाक्लो छायाँसहित रविलाई दायाँ र बायाँ अँगालो हालेर बादल रोइरहेको छ तर पनि राम कुटीमा नफर्किनुको कारण के होला वा उनको दिलमा किन रतिभर पनि माया नपलाएको होला ? यही प्रश्नले सीतालाई चिन्ताग्रस्त बनाएको छ । यसै सन्दर्भमा  भनिएको छ :

लामो छाया गहिरो छाया

सदल सघन छाया

बादल रुन्छ अँगालो हाली

रविकर दायाँ बायाँ

तैपनि किन हो रामको दिलमा

रतिभर छैन नि माया

रतिभर छैन नि माया । (देवकोटा, २०६६ पृ.४)

राम ईश्वर हुन् र उनलाई कति बेला के गर्नपर्छ भन्ने पूर्ण जानकारी छ तर पनि साँझसम्म कुटीमा नफर्किनु रामको रहस्यमय प्रवृत्ति हो । राम समयमा नै कुटीमा नफर्किनु यसको आफ्नै रहस्य छ । यही रहस्यलाई यहाँ प्रस्तुत गरिएको हुँदा ईश्वर रहस्यमय छन् भन्ने पुष्टि हुन्छ ।

## मानवीय स्वरूपमा ईश्वर

'सीता-हरण' खण्डकाव्यका रामले मानवका रूपमा अवतार लिएर मानवले गर्ने कियाकलापलाई उदाहरणका रूपमा प्रस्तुत गरेका छन् । ईश्वरको रूप हुनाले रामले जुनसुकै कार्य सहज रूपमा गर्न सक्थे तर रामायणको कथाभित्र रामले किन  कठिन र असहज हुने किसिमका कार्यहरू गर्न चाहेनन् भने उनी मानवका रूपमा अवतार लिएर जन्मिएका थिए । त्यसैले मानिसले जस्तो कार्य गर्न सक्छ र लौकिक समाजले त्यसलाई पचाउन सक्छ त्यस्तो कार्यलाई मात्र प्राथमिकता दिएका थिए । त्यसैले राम ईश्वर भइकन पनि मानवीय रूपमा प्रकट भएका छन् । लौकिक मानिसहरू पीडा पर्दा दुखी हुने, सुखमा हर्षित हुने र सांसारिक मायामोहमा बाँधिने गर्दछन् । त्यही व्यवहारलाई रामले पनि स्विकारेका छन् र उनको व्यावहारिक पक्ष मानवीय स्वरूपमा परिणत भएको छ । यस सन्दर्भलाई तलको उदाहरणले पुष्टि गर्दछ :

श्रीरामचन्द्रले देख्नुभयो मृग

सुनको राम्रो मृग भारी

मृगतृष्णाले कुत्कुतिलाई

'हे नजर' भन्दै माया आई । (देवकोटा, २०६६ पृ.८)

रामलाई सुनको सिङ भएको मृग हुँदैन भन्ने स्पष्ट थाहा थियो तर सीताजीले सुनको सिङ भएको मृग देखेपछि त्यसको सिकार नगरी चित्त बुझेन । रामले आफूलाई एउटा साधारण मावनका रूपमा उभ्याएर लौकिक व्यवहारद्वारा मानवीय चरित्र प्रस्तुत गरे । राममा मृगतृष्णाले ढाकेको छ जुन लौकिक जीवनमा हरेक मानवलाई यसले आफ्नो नियन्त्रणमा लिएको हुन्छ । सांसारिक मोहजालमा फस्नु नै मानवीय स्वरूप प्रकट गर्नँ हो । यस कियाकलापबाट मानवीय स्वरूपमा ईश्वरको भूमिका रहेको स्पष्ट हुन्छ । लौकिक परम्परामा सिकारी बनेर जङ्गली जनावर मार्ने वा सिकार गर्ने प्रवृत्ति मानव सभ्यतादेखि नै चल्दै आएको छ । सोही कममा 'सीता-हरण' खण्डकाव्यमा राम सिकारी बनेर मृगको सिकार गर्न गएका छन् । सिकारीले जङ्गली जनावर मारेर पत्नीको इच्छा पूरा गर्ने प्रयत्न गर्दछ । प्रस्तुत सन्दर्भमा पनि सीताको चाहनाअनुरूप राम मृग मार्ग गएका छन् । यो एउटा गृहस्थी वा लौकिक मानव परम्पराको आधार हो । लौकिक मानवले पत्नीको चाहना पूरा गर्न खोज्नु मानवीय स्वभाव नै हो । यही सन्दर्भमा रामलाई सिकारीका रूपमा वर्णन गरिएको छ ।

खेद्छु म यसकन वशमा ल्याउँछु

भन्दै आत्मा उर्ल्यो भारी

ठोकोबाट झिकिकन वाण

धनुष सुस्त चढाइ हेर्दा (देवकोटा, २०६६ पृ.८)

माथिको यस अभिव्यक्तिले राम पूर्णतः सिकारीका रूपमा प्रस्तुत भएका छन् । सिकारी मानवकै एक रूप हो । तसर्थ प्रस्तुत खण्डकाव्यमा ईश्वरलाई मानवीय रूपमा प्रस्तुत गरिएको छ ।

## लीलाधारी रूपमा ईश्वर

ईश्वरको लीला अपरम्पार छ भन्ने चलन नेपाली समाजमा निकै पुरानो भइसक्यो । यही अभिव्यक्तिबाट नै ईश्वर लीलाधारी हुन्छन् भन्ने स्पष्ट हुन्छ । मृगरूपी मारिचलाई वाण हान्न खोज्दा घनघोर जङ्गलमा बेतोडले भागेको मृगका पछि लागेका राम आफैँ लीला गरिरहेका छन् । ईश्वर (राम) लाई मृगका विषयमा सम्पूर्ण विवरण थाहा हुँदाहुँदै पनि यी सबै क्रियाकलाप गराउनु नै ईश्वरीय लीला हो । त्यसैले प्रस्तुत खण्डकाव्यमा लीलाधारी स्वरूपमा ईश्वर प्रस्तुत भएका छन् । त्यही सन्दर्भलाई देवकोटाले यसरी प्रस्तुत गरेका छन् :

दक्षिणतर्फ अभयपुरीतिर

थियो जगत् नै शीघ्र उछिन्दो

परमपुरुष ती लीलाधारी

धनुमा काँड चढाइ भारी । (देवकोटा, २०६६ पृ.१०)

माथिको कवितांशले रामलाई परमपुरुष स्विकार्दै रामले गरेका क्रियाकलापलाई लीलाका रूपमा प्रस्तुत गरेको छ । यो सबै क्रियाकलाप ईश्वरीय लीला हो । जुन लीला प्रस्तुत गर्न रामको अवतार भएको हो । त्यसैले ईश्वर लीलाधारी स्वरूपमा पनि प्रस्तुत भएका छन् ।

## जगत्को मालिकका रूपमा ईश्वर

सारा जगत्को मालिक एक ईश्वरमात्र हो भन्ने तथ्य सैद्धान्तिक पर्याधारमा नै व्यक्ति गरिएको छ । वेदान्तअनुसार 'सीता-हरण' खण्डकाव्यले पनि एउटै ईश्वरलाई स्विकार्दै ईश्वर नै जगत्को मालिक वा स्वामी मानेको छ । रामको वाणले मारिच मारिएपछि मारिचले आफ्नो मृगको रूप त्यागेर मुक्ति प्राप्त गरेको छ । मृगरूपबाट मुक्ति दिने श्रीरामलाई मारिचले जगत्का अधिराज वा मालिकका रूपमा वर्णन गर्दै परमपुरुषको संज्ञा दिएको छ ।

राम नामको सजल प्रणाम

मुक्त बनीकन मारिज आज

त्यागी आफ्नो मृगको व्याज

देख्दछ जगका ती अधिराज

परम पुरुष ती राम !

परम पुरुष ती राम । (देवकोटा, २०६६ पृ.१२-१३)

मारिचले आफ्नो वाण हान्ने राम जगत्का मालिक वा संसारका स्वामी हुन् भन्ने चिनेपछि रामको स्तुति गाएर हर्षले गदगद हुँदै अतितृप्त भएको र आफ्नो चोला समर्पण गरेर मायाजालबाट छुटकारा प्राप्त गरेको सन्दर्भलाई मारिचले यसरी प्रस्तुत गरेको छ :

चिने प्रभुजी जगका नायक

गद्गद अति अतितृप्त बने

कंचन चोला अर्पी चिने प्रभु

मायाजाल छिने । (देवकोटा, २०६६ पृ.१८)

माथिका उदाहरणहरूबाट राम संसारका मालिक हुन्, उनी यस धर्तीका नियन्ता हुन् र उनकै आधारमा संसार निरन्तर रूपमा सञ्चालन भइरहेको छ भन्ने तथ्य पुष्टि हुन्छ ।

## मोक्षदाताका रूपमा ईश्वर

वैदिक कृतिहरूको मूलसार मोक्षप्राप्ति हो । सांसारिक बन्धनबाट छुटकारा पाएर पुनः मायामोहको जालमा नपरी छुटकारा प्राप्त गर्न सक्नु नै मोक्ष प्राप्त गर्नु हो । त्यही मोक्षदाताका रूपमा ईश्वर रहेको तथ्य 'सीता-हरण' खण्डकाव्यबाट स्पष्ट हुन्छ । मारिचको बधपछि मारिचकै मुखबाट रामलाई मोक्षदाताका रूपमा स्विकारिएको छ ।

वेदनाले जाल उघारी

अज्ञान अविद्या कुहरो फाली

राम मलाई उतारी

भारी गद्गद बन्दछु

मारी प्रभुले अमृत दिने

राम रूपको अमृत किने । (देवकोटा, २०६६ पृ.१५)

मारिचले आफ्नो मृत्युलाई मोक्षप्राप्तिको मूल आधार मानेको छ । रामले वाणद्वारा प्रहार गर्नु भनेको मारिचले अमृत प्राप्त गर्नु हो र प्रभुपद वा मोक्ष पाउनु हो । सिकारीका रूपमा छल गरेर मेरो प्राण लिनु नै सांसारिक भ्रम उच्छेदन गर्नु हो भन्ने कुरा मारिचले स्विकारेको छ । सुरुमा मोक्षदाता लाई नचिनेर पर पर भागे पनि प्रभुको वाणले लागिसकेपछि मोक्षदातालाई राम्ररी चिनेको प्रसङ्ग यहाँ उल्लेख गरिएको छ । मारिचले आफ्नो मृत्युलाई मोक्षप्राप्तिको आधार मानेको छ । सांसारिक बन्धनबाट छुटकारा पाउँदा मारिच धन्य धन्य बनेको छ । यही प्रसङ्गलाई देवकोटाले मारिचका माध्यमबाट यसरी प्रस्तुत गराएका छन् :

अमृत छ मृत्यु प्रभुपद पाएँ

छलमा वाण दिने

पाप-नल हे छाया शिकारी ।

भ्रम-उच्छेदक सुख-सर धारी

पहिले डराएँ पहिले डराएँ

अब सुख पाएँ प्रभुपद धाएँ

अब प्रभुलाई चिने

मायाजाल छिने अब प्रभुजी

मायाजाल छिने । (देवकोटा, २०६६ पृ.१६)

सांसारिक जीवनबन्धनबाट छुटकारा प्रदान गरेकोमा मारिचले रामलाई अति प्रशंसा गरेको छ । अनन्त दयाको वज्र बनाएर रामले मारिचको माया छेडी दिएका छन् । यही सन्दर्भमा मारिचले प्रभुलाई चिनेको र प्रभुबाट मायाजाल छिनेको सन्दर्भ निम्न कवितांशबाट प्रस्तुत गरिएको छ :

अनंत दयाको वज्र बनाई

माया छेडी दिने

प्रभुजी ! प्रभुजी ! राम चिनें

मायाजाल छिनें । (देवकोटा, २०६६ पृ.१७)

मायाजाल छिन्नु नै मोक्ष पाउनु हो । जबसम्म ईश्वरीय स्वरूपलाई चिनिदैन तबसम्म हामी सांसारिक प्रपञ्चमा रुमल्लिरहन्छौँ र बन्धनमा परेर धर्तीमा अल्झिरहन्छौँ । ईश्वरलाई चिन्न सक्नु नै सबैभन्दा प्रमुख उपलब्धि हो । मारिचले ईश्वरलाई चिनेर मोक्षको मार्ग प्राप्त गरिसकेको सन्दर्भ यहाँ उल्लेख गरिएको छ । त्यसैले ईश्वर मोक्षदाताका रूपमा प्रस्तुत भएका छन् ।

मोक्षदाताका रूपमा स्रष्टा देवकोटाले मारिचका माध्यमबाट प्रस्तुत गरेका प्रामाणिक आधारहरू प्रशस्तै पाइन्छन् । मारिचद्वारा प्रस्तुत गरिएको निम्न अभिव्यक्तिले पनि ईश्वर मौक्षदाता हुन् भन्ने प्रमाणित हुन्छ ।

चर्मचुक्षुले जब सब काना

देख्लान् प्रभुको शीतल दाना

विश्वदर्शन जगमग प्रभुको

तर्लान् भव ती तब सब जाना ।

दुखमा सौख लिने । (देवकोटा, २०६६ पृ.१८)

माथिको अभिव्यक्तिले ईश्वर मोक्षदाता नै हुन् । उनको कृपा पर्नासाथ हरेक प्राणीले मुक्ति प्राप्त गर्दछ । यो भवरूपी सागर तर्नका लागि ईश्वरकै करुणा चाहिने हुँदा ईश्वरलाई मोक्षदाता मानिएको हो । मारिचले रामको वाण लागेपछि प्राण रहुन्जेल राम (ईश्वर) को स्तुति गाउँदागाउँदै उसले विष्णुको धाम प्राप्त गरेको छ । यही सन्दर्भलाई स्रष्टा देवकोटाले यसरी प्रस्तुत गरेका छन् :

भजन गरीकन यसरी सुन्दर

तृप्त बनीकन मारिचनाम

राक्षस आत्मा उडीगयो त्यो

अनंत सुखको विष्णुको धाम । (देवकोटा, २०६६ पृ.१८)

राक्षस स्वभावको मारिचको आत्माले विष्णुको धाम प्राप्त गरेको छ । सांसारिक बन्धनबाट मुक्ति पाएर विष्णुको धाम प्राप्त गराउने मूल पात्र राम वा ईश्वर नै हुन् । त्यसैले ईश्वरलाई मोक्षदाताका रूपमा प्रस्तुत गरिएको छ ।

## विविध रूपमा ईश्वर

ईश्वरका अनेक रूप हुन सक्छन् । 'सीता-हरण' खण्डकाव्यमा ईश्वरका विविध स्वरूपको चर्चा गरिएको छ । कतै सृष्टिकर्ता त कतै अन्याय गर्नेलाई दण्डकका रूपमा प्रस्तुत भएका छन् । ईश्वरलाई छक्याउने जीवलाई दण्ड दिने र सहीमार्गमा लाग्नेलाई प्रेरणा प्रदान गर्ने प्रेरकका रूपमा समेत ईश्वरको स्वरूप प्रकट भएको छ । यही सन्दर्भलाई स्रष्टाले यसरी प्रस्तुत गरेका छन् :

ईश्वरलाई जीव छकाउँछ

रामवाणको पीडन पाउँछ (देवकोटा, २०६६ पृ.१५)

कतै रामलाई जुहारत वा अमूल्य रत्न र कतै शान्ति प्रदायकका रूपमा वर्णन गरिएको छ । यही सन्दर्भमा स्रष्टा यसरी प्रस्तुत भएका छन् :

कालले किन्नु छ जीवन त्यागी

रामजुहारत सुखका लागि

पाप र छल हो जीव निमन्त्रण

प्रभुका शरको सुखका लागि

हे प्रभु ! शान्ति दिने, हे प्रभु ! शान्ति दिने (देवकोटा, २०६६ पृ.१६)

कृतिभित्र पटक पटक रामलाई पुकार गरिएको छ । कहिले प्रभुको नाम त कहिले रामको नाममा बारम्बार स्तुति गाउनाले यो कृति ईश्वर चिन्तनमा केन्द्रित छ भन्ने प्रमाणित भएको छ । लक्ष्मणले रामसँग गरेको बिन्ती वा सीतालाई एक्लै छोडेर जानुपर्ने कारणका सन्दर्भमा लक्ष्मणले रामलाई सुनाएको सन्दर्भमा पटक पटक रामलाई ईश्वरका रूपमा पुकार गरिएको छ । प्रभुजी ! मैले नकाम गरें, बिन्ती छ प्रभु ! जस्ता अभिव्यक्तिहरूले राम सर्वसाधारण पात्र नभएर यस जगत्का सृष्टिकर्ता, मुक्तिदाता, कल्याणकर्ता, पालक, संरक्षक, संहारक सबै ईश्वर नै हुन् भन्ने प्रमाणित गरेका छन् । सीतालाई हरण गर्न आएको रावणको जोगी छद्म रूपले पनि ईश्वरकै पुकार गरेको छ । राम राम, शिव, शिव पुकार गर्दै सीतालाई हरण गर्न आउँदा समेत ईश्वरको स्तुति गान गर्नँ यो कृति ईश्वरीय चिन्तनमा आधारित छ भन्ने मूल प्रमाण हो । सचिदानन्द स्वरूप आत्माको कल्याण चाहने शिव वा ईश्वर मृदुल मुहार भएको, स्वर्गको द्वार खुलाउने ईश्वर नै यस कृतिको आराध्य देव हो । ईश्वरका यिनै विविध रूपको वर्णनमा यो कृतिको आख्यान समापन भएको छ ।

## निष्कर्ष

लक्ष्मीप्रसाद देवकोटाको 'सीता–हरण' खण्डकाव्य 'वाल्मीकि रामायण' को अरण्य काण्डमा आधारित सीताहरणको सन्दर्भलाई बीजभूमि बनाएर लेखिएको रचना हो । रामको १४ वर्षे वनबासका सन्दर्भमा पञ्चवटीमा रहँदा सीताको इच्छा पूर्ति गर्ने उद्देश्यले हरिण मार्न गएका राम समयमा नफर्किएपछि सीताका मनमा उत्पन्न भएको पीडा र रामको खोजीमा लक्ष्मणलाई पठाउँदा देखिएको परिणामलाई मूल विषयवस्तु बनाइएको यस कृतिको सन्दर्भ मारिच बधलाई केन्द्रबिन्दु मानिएको छ । सुनको सिङ भएको मृगको रूप धारण गरी रावणको सहयोगमा पञ्चवटीमा आएको मारिच रामका हातबाट वाण प्रहार भएपछि मारिचले रामलाई ईश्वरको अवतारका रूपमा चिनेको र ईश्वरका हातबाट मृत्युवरण गर्न पाउँदा आफूले मोक्षप्राप्त गर्ने विश्वासका साथ गदगद भएको सन्दर्भ नै यस खण्डकाव्यको निष्कर्ष हो । मारिचले रामको स्तुति गाउँदै रामलाई मोक्षदाता, जगत्का स्वामी, मानवीय रूप धारण गरी विविध लीला गर्ने, करुणाकर, प्रकाशवान्, अमृतमय, रहस्यवादी विविध स्वरूपमा ईश्वरको अवतार भएको चर्चा गरेकाले प्रस्तुत खण्डकाव्य आस्तिक दर्शनमा आधारित छ भन्ने प्रमाणित हुन्छ । ईश्वरका विविध रूप भए पनि वेदले एकमात्र ईश्वर स्विकारे झैँ एउटै ईश्वरका विविध स्वरूप मात्र हुन् भन्ने तथ्यलाई पुष्टि गरिएकाले यो कृति वेदान्त दर्शनबाट प्रभावित छ भन्न सकिन्छ । अन्य पूर्वीय दर्शनले पनि ईश्वरलाई एक मान्दछ । तसर्थ वेद, उपनिषद्को ईश्वरसम्बन्धी मान्यताका आधारमा पनि यो कृति वैदिक दर्शनबाट प्रभावित रहेको छ । ईश्वरका विविध रूप भनेको लौकिक जनमानसले आफ्नो सजिलाका लागि गरिएको वर्गीकरण र पौराणिक घटनाक्रमका आधारमा गरिएको विभाजनमात्र हो । 'सीता–हरण' खण्डकाव्य ईश्वरका विविध स्वरूपको चर्चा गरिएको पूर्वीय वैदिक दर्शनमा आधारित ईश्वर मोक्षदाताका रूपमा रहेको आध्यात्मिक कृति हो ।

## सन्दर्भ सामग्री

ढकाल, प्रमोद (२०७६). *पुर्वीय दर्शनको पुनर्व्याख्या.* बिग फ्यामिलि भेन्चर्स् ।

देवकोटा, लक्ष्मीप्रसाद (२०६६). *सीता-हरण.* छै.सं. साझा प्रकाशन ।

भट्राई, शरत्कुमार (२०६८). *वेदान्तपरिभाषासार.* रत्नपुस्तक भण्डार ।

*महाकवि लक्ष्मीप्रसाद देवकोटाका खण्डकाव्यहरू* (२०६६). महाकवि लक्ष्मीप्रसाद देवकोटा अध्ययन तथा अनुसन्धान केन्द्र ।

शर्मा, नारायण, (२०६५). *उपनिषद् तत्व चिन्तन.* विद्यार्थी पुस्तक भण्डार ।

, (२०६६). *उपनिषत्त्रयी.* विद्यार्थी पुस्तक भण्डार ।

शास्त्री, मोदनाथ, (२०७६). *शुक्ल यजुर्वेद संहिता.* भुँडीपुराण प्रकाशन ।